# गंगादेव गाउँपालिकाको आठौं गाउँसभासमक्ष गाउँपालिका प्रमुख श्री बीर बहादुर खत्रीद्धारा प्रस्तुत तथा गाउँ सभाबाट पारित आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम

**गंगादेव गाउँपालिका**

**सानडाँडा, रोल्पा**

२०७७

१. गंगादेव गाउँपालिकाको यस गरिमामय गाउँसभासमक्ष गंगादेव गाउँ कार्यपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

२. यस अवसरमा सर्वप्रथम लोकतन्त्रको बहाली, नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३. आफ्नो अमूल्य मत दिएर हामीलाई विजय गराउनु हुने गंगादेव गाउँपालिकावासी सम्पूर्ण मतदाताहरुप्रति पनि पुनःआदर भाव व्यक्त गर्न चाहन्छु।

४. हाम्रा शुरुका दिन, हप्ता र महिना संविधानले दिएको अधिकार बमोजिम कार्यसम्पादन नियमावली र कार्य विभाजन नियमावलीबनाउन तथा सो बमोजिम अगाडि बढ्नमा नै व्यतित भए। हाम्रो बुझाइलाई फराकिलो बनाउँदै अगाडि बढ्यौं। हामीले बार्षिक बजेट पारित गर्‍यौं। आर्थिक विद्येयक र विनियोजन विद्येयक गाउँसभाबाट पारित गर्‍यौं। हामीमा हिम्मत थपियो। वार्षिक बजेट कार्यान्वयन गर्न थाल्यौं। हामी थप उत्तरदायी र जिम्मेवार बन्दै गयौं। यसरी हामीले हाम्रो समय सिक्न र सम्हाल्नमा उपयोग भयो। आजको यो गाउँसभालाई संबोधन गरी रहँदा गत वर्षको तुलनामा हामीलाई धेरै साहस र आत्म विश्वास बढेको अनुभूती भै रहेको छ।

५. नेतृत्वले नतिजा नियाल्ने र कर्मचारीले प्रक्रिया सम्हाल्ने विधिबाट सुशासन, विकास र समृद्धिको यात्रा सहज हुने मेरो बुझाई छ। प्रक्रिया सम्हाल्ने जिम्मेवारी बोकेका कर्मचारीको अभाव र अपर्याप्तताबाट गत आर्थिक बर्ष गुज्रेको छ। अझै प्राविधिक जनशक्तिको अपर्याप्तता रहेकै छ। कर्मचारी समायोजनलाई सघाउनु पर्ने कानूनी कर्तव्य भएकाले धेरै गुनासो गर्न मिलेको छैन। तर नेपाल सरकारले कर्मचारी समायोजनको विषयलाई समयमै सम्पन्न गर्न नसक्दा त्यसको प्रभावले हाम्रो दैनिक प्रशासनमा अझ चुस्तता आउँन सकेको छैन। वडा कार्यालय, विषयगत शाखाहरु र गाउँ कार्यापालिकाको कार्यालयबाट सम्पादन हुने कार्यलाई अझ सरलीकरण गर्न तथा प्रविधियुक्त बनाई कार्यान्वयन गराउँन कठिनाई भैरहेको छ। तथापि हामीसँग भएको उपलब्ध स्रोत साधनको अत्याधिक परिचालन गरी राम्रो गर्ने सोंचका साथ हामी अघि बढिरहेका छौं।

६. जनताको पूर्ण लोकतन्त्र, विधिको शासन, सुशासन सहितको विद्युतीय शासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य, सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समतामूलक एवम् न्यायपूर्ण समाजलाई आदर्शको रुपमा लिदैं स्वच्छ, सफा, शान्त, सुशासनयुक्त, समृद्ध र सुखी गाउँपालिकाको निर्माणको लागि गंगादेव गाउँपालिका सधै प्रतिवद्ध छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

७. यस गाउँपालिकामा स्थानीय सरकारका तीन ओटै अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाकोरुपमा क्रमशः गाउँ कार्यपालिका, गाउँरसभा र न्यायिक समिति क्रियाशील अवस्थामा छन् । गाउँ कार्यपालिकाको कार्यसम्पादन नियमावली र कार्यविभाजन नियमावली अनुसार कार्यविभाजन र कार्यसम्पादन भैरहेको छ । गाउँ कार्यपालिकाभित्र विषयगत क्षेत्रको कार्यका लागि कार्यपालिका सदस्यहरुलाई कार्यको क्षेत्राधिकार समेत तोकी जिम्मेवारी दिइएको छ । सबै वडा कार्यालयहरु तोकिएको केन्द्रमा संचालन भइरहेका छन्। विषयगत शाखाहरु क्रमशः स्थापना भई अहिले नेपाल सरकारले स्वीकृत गरेको संगठनात्मक स्वरुप बमोजिम जनशक्तिको प्रबन्ध भैरहेको छ ।दैनिक सेवा प्रवाहलाई शीघ्र, सहज र सुलभ बनाउने प्रयास गरिएको छ। विकासका आयोजनाहरु जनताले मागेका र शीघ्र लाभ दिने खालका योजना तथा कार्यक्रमलाई छनोट गरिएको छ। अनुगमन कार्यलाई तीव्र पारिएको छ। साविकमा असार महिनामा अन्तिम भुक्तानीका लागि अत्यधिक चाप हुने अवस्थालाई कम गर्न भरपुर प्रयास गरिएको छ।

८. नेपाली जनताको बलिदानपुर्ण संघर्षबाट संविधान सभाले बनाएको संविधानले व्यबस्था गरेका मौलिक हकहरु कार्यान्वयनका लागि स्थानिय तहबाट गर्नुपर्ने कानुनी तथा नितिगत व्यवस्था गरिने छ । नेपालको संविधान र सोहि संविधान अनुसार बनेका कानुनी व्यवस्थाहरुमा स्थानिय तहलाई प्राप्त अधिकारहरुको कार्यान्वयन गरि गाउँपालिकाको सस्थागत क्षमता विकास गर्न कानून निर्माणको कार्यलाई तिव्रता दिइने छ । संविधानको मर्म विपरित नहुनेगरि गाउँपालिकाको आवश्यकता र यहाँको परिवेश अनुसार कानूनहरुको निर्माण तथा परिमार्जन गरिनेछ ।

९. हाम्रो गाउँपालिका भौगोलिक तथा जैविक विविधतायुक्त छ । यस गाउँपालिका भित्र केही समुदायहरु बीच सामाजिक—साँस्कृतिक विभेद तथा आर्थिक पछौटेपन, चरम गरीबी, बाल विवाह, बहुविवाह, बेरोजगारी, कुपोषण, अशिक्षा जस्ता सामाजिक समस्याहरु रहेका छन् । यस प्रकारका विविधता र समस्याहरुको वीच सामाजिक—साँस्कृतिक सदभाव र सहिष्णुताको माध्यामबाट समतामुलक र न्यायमा आधारित समुन्नत समाज निर्माण गर्नु हाम्रो मूल ध्येय हो ।

१०. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन सहभागितामूलक योजना तर्जुमा प्रक्रिया एवम् दिगो विकासको लक्ष्य अनुसार वडा, टोल वस्तीबाट प्राथमिकताका साथ छनोट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका शिक्षा, स्वास्थ्य, कृषि, ग्रामिण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधि, सहकारी, उद्योग तथा वाणिज्य, वन तथा वातावरण, संस्थागत विकास तथा सेवा प्रवाहसँग सम्बन्धित आयोजनाहरुको प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

११. नेपालको संविधानले नेपाली जनताको सार्वभौमिकता र नागरिक सर्वोच्चतालाई संवैधानिक, कानूनी र व्यवहारिक रुपमा स्थापित गरिसकेको छ । संविधान प्रदत्त अवसर, राज्यबाट गरिने सेवा सुविधा, समग्र सुरक्षा र सम्मान सबै जनताले सहज, अनुकूल र वास्तविक अर्थमा अनुभूति हुने किसिमले प्राप्त गर्न सकुन भनेर नै राज्य पुर्नसंरचना गरिएको हो । राज्य पुर्नसंरचनाको मूल उद्देश्य

जनताको घरदैलोमा सुशासन सहितको भएकोले त्यसलाई व्यवहारिक रुपमै कार्यान्वयन गराउन एवम जनतालाई राज्य भएको अनुभूति दिलाउन "समुदाय, संगठन र कर्मचारी सवलीकरण" मा जोड दिईनेछ ।

१२. समृद्ध गाउँपालिका निर्माणको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ । राजश्व र कर प्रशासन सम्बन्धि नीतिको निर्माण गरी पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार प्रगतिशील एवम् समतामूलक कर सिद्धान्त अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी संस्थागत र कानूनी व्यवस्था गरिनेछ । आन्तरिक आम्दानीलाई बढाउँदै आत्मनिर्भर र आफैमा सक्षम गाउँपालिका निर्माणको लागि संभव भएसम्मका सम्पूर्ण उपायहरु अवलम्बन गरिनेछ । कर नतिर्ने, कर छलि एवम् चुहावट गर्ने, संकलित राजश्व दुरुपयोग गर्ने व्यक्ति एवम् निकायको पहिचान गरी दण्डित गरिनेछ ।

१३ मुलुकको कूल ग्राहस्थ उत्पादनमा करिब ३३ प्रतिशत योगदान गर्ने र करिब ७० प्रतिशत नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यावसायिकरण, विविधिकरण र आधुनिकीकरण विना अर्थतन्त्रमा गुणात्म सुधार हुन सकेन । कृषि प्रणालीलाई वैज्ञानिक, व्यावसायिक र वातावरण तथा जलबायु परिबर्तन अनुकुल बनाउदै आर्थिक वृद्धिको दिगो आधार तयार गरिने छ ।

१४. विभिन्न फलफुल तथा तरकारी कृषि पकेट क्षेत्रको निर्धारण तथा पहिचान गरि कृर्षी औजर तथा विरुवाहरुमा अनुदानको ब्यवस्थ गरिनेछ । एक घर एक करेसा वारीको अवधारणलाइ अवलम्बन गरी कृर्षि उत्पादित बस्तु निर्यात कृर्षकलाइ मल तथा विउ विजनमा अनुदानको ब्यवस्था गरिनेछ । मासु, अण्डा, र दुधमा आत्म निर्भर हुनेगरि बाख्रापालन, कुखुरापालन, माछापालन, माहुरीपालन, भैसीपालन, फलफुल तथा तरकारी एवम अन्नबालिमा आत्मनिर्भर हुने गरि स्याउ, सुन्तला, कागति, ओखर, किबि, तरकारी, मकै,आलु सम्बन्धि अनुदान रकम उपलब्ध गराइने छ ।

१५. परम्परागत कृर्षी प्रणालिलाइ आधुनिकिकरण गर्नको लागी प्रविधिमैत्री कृर्षि प्रणालिमा जोड दिइनेछ। वेमौसमे तरकारी तथा फलफुल खेति गर्ने किसानको लागी आवश्यक अनुदान तथा प्रोत्साहनको ब्यवस्था गरिने छ । सिचाँइको क्षेत्र भन्दा बाहिर रहेको कृर्षकहरुको लागी थोपा सिचाँई तथा टनेल खेतिमा विशेष जोड दिइने छ ।

१६. गाउँपालिका भित्रका बाँझो तथा विभिन्न ऐलानि जग्गालाइ उपयोग गरि युवा रोजगारी को सिर्जना गरिने छ । ब्यवसायिक रुपमा टर्की जातको ओखर खेतिमा विशेष अनुदानको ब्यवस्था गरिने छ ।

१७. प्रदेश तथा संघीय सरकार संगको साझेदारीमा गाउँपालिकाका विभिन्न स्थानमा कृषिमा आधारित उद्योग स्थापना र उद्योग स्थापना गर्न इच्छुक समुह वा सहकारीलाई लागतको आधारमा अनुदान उपलब्ध गराइने छ ।

१८. गाउँपालिकामा एक बाख्रा स्रोत केन्द्रको स्थापना गरिने छ । उत्पादन गर्ने काम कृषकको र कृषकले गरेको उपज संकलन सञ्चालन र बिक्री वितरण गर्ने काम सहकारीको मान्यता अनुसार गाउँपालिका केन्द्रमा एक विक्री सहकारीको स्थापना गरि कार्यान्वयन गरिने छ ।

१९. गाउँपालिकालाई तरकारी, फलफूलमा आत्म निर्भर बनाउने निति निर्माण गरिने छ र गाउँपालिका भित्र आयात हुने रसायनिक एबम विषादि यूक्त तरकारी एबम फलफूललाई पूर्ण प्रतिबन्ध लगाइने छ । पकेट क्षेत्रको रुपमा विकास भएका स्थानका कृषक समुह वा सहकारीलाई विरुवाको हेरचाह एवम जैविक विषादि र प्राङ्गारिक मलखादमा सहयोग पुग्ने गरि अनुदान उपलब्ध गराइने छ । संघिय सरकार र प्रदेश सरकारको साझेदारीमा जग्गा सुधार अभियान सञ्चालन गर्न आबश्यक उपकरण खरिद एवम कृषिको यान्त्रिकरणको लागि आवश्यक औजार खरिद गर्न किसानहरुलाई साझेदारी अनुदानको व्यवस्था गरिने छ । उत्कृष्ट कार्य गर्ने कृषि फर्म वा किसानलाई पुरस्कृत गरिनेछ ।

२०. गंगादेव गाउँपालिका वडा नं. ३ मा सञ्चालन भएको स्मार्ट कृषि गाउँकार्यक्रमलाई गाउँपालिकाबाट समेत थप विस्तार गरि अन्य वडाहरुमा पनि स्मार्ट कृषि गाउँको अवधारणालाई अगाडि बढाइने छ ।

२१. कृषकहरुको समस्या समाधानको लागि आवश्यक उपकरण, विषादि तथा विउबिजन सहित पकेट क्षेत्र लक्षित गरि कार्यक्रम निर्माण गरिने छ । यस आर्थिक वर्षमा रायो, मूला, बन्दा, काउली, आलु, स्याउ, ओखर, किवि तथा अमिलो जात फलफूल आदि जातका विउ तथा विरुवाहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ । गाउँपालिका भित्रका विभिन्न कृर्षि प्रणालिका नमुना कृर्षि फारमलाइ अनुदानको ब्यवस्था गरिने छ ।

२२. यस गाउँपालिकाका मुख्य बजारहरुमा आधुनिक पशु बधशालाको स्थापना र सञ्चालन गरिने छ । गंगादेव गाउँपालिका वडा नं. ३ मा कृषिमेला आयोजना गरि कृषिजन्य उत्पादनको प्रचारप्रसार गरिने छ ।

२३. कृषि क्षेत्रलाई उत्पादन र जिविकोपार्जन मुखि बनाउन सम्भाव्यताको अध्ययनगरि जलबायु माटो र भुगोलको अनुसार पकेट क्षेत्र निर्माण गरि एक गाउँ एक उत्पादन कार्यक्रमलाई अगाडि बढाइने छ । गाउँपालिका भित्र खेति योग्ग जमिनको पहिचान तथा माटो परिक्षणको ब्यावस्था गरिने छ ।

२४. यस आर्थिक वर्षमा संघ तथा प्रदेश संगको सहकार्यमा गाउँपालिकाको पूर्ण स्वामित्व रहने गरि कृषिमा आधारित उद्योग स्थापना गरिनेछ ।

२५. गाउँपालिका विभिन्नका स्थानमा रिचार्ज पोखरीको ब्यस्था गरिने छ। गाउँपालिका भित्रका कृर्षी फार्म तथा समुहलाइ सिचाँइ पोखरीमा अनुलदान दिइने छ ।

२६. उद्योगहरुको स्थापनाको लागि आवश्यक पर्ने उर्जा व्यवस्थाको लागि आवश्यक पहल गरिने छ ।

२७. स्थानिय स्रोत साधन र कच्चा पदार्थमा आधारित तत्काल रोजगारी सिर्जना गर्ने उद्योगलाई प्रोत्साहन गर्ने ।

२८. गाउँपालिका भित्रका सम्पुर्ण पशु फार्म तथा पशुपालन गर्ने कृषकहरुको लागी पशु विमा को अवधारणलाइ अघि वढाइने छ । पशु स्वास्थ्य शिविरलाइ निरन्तरता दिइने छ ।

२९. गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा एक वडा एक कृर्षि र एक वडा एक पशु प्राविधिकको ब्यवस्था गरिने छ । पशुपालन क्षेत्रमा पशुपालन पकेट क्षेत्रको पहिचान गरी पकेट क्षेत्रको ब्यावस्था गरिने छ ।

३०. कृर्षि फर्म तथा किसानको लागी अनुदानको ब्यवस्था गरिने छ । लोकल कुखुरा पालन गर्ने कृर्षकको लागी अनुदानको ब्यवस्था गरिने छ ।

३१. बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइने छ । साथै बजार क्षेत्रका विकृति र मनोमानीलाई अन्त्य गर्न स्थानिय प्रशासन संग समन्वय गरि आवश्यक कदम चालिने छ ।

३२. पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्र एवम यस गाउँपालिकाको अर्थतन्त्रकको प्रमुख आधारमा विकास गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक, पर्यटन प्रवर्धनकोलागि सुष्म ढंगबाट अध्ययन गर्ने तथा सो को लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइने छ । यस आर्थिक वर्षभित्र पर्यटन गुरुयोजना तयार गरि लागू गरिने छ । विभिन्न पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन प्रवर्धनको योजना अगाडि बढाइने छ । सुकिदह मन्दिर, बाह्रजथाक, विजयधूरी, जिलाधूरी, डलसिंहे, गुरिल्ला मार्ग र ट्रेन्च आदि ठाउँहरुमा पर्यटन सम्बन्धि संरचनाहरु तयार गरि पर्यटकहरुलाई आकर्षित गर्न योजना बनाइने छ ।

३३. पर्यटकिय स्थलहरुको अध्ययन पहिचान र प्रचार प्रसारको लागि आवश्यक व्यवस्था मिलाइने छ । पर्यटन पुर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधा विकासमा जोड दिइने छ ।

३४. गंगादेव गाउँपालिकामा रहेको गरिवि न्युनिकरण गर्न प्रदेश सरकार एवम संघिय सरकार संगको सहकार्यमा गरिवि विरुद्ध साझा अभियान विभिन्न कार्यक्रम अगाडि बढाइने छ ।

३५. सम्वृद्ध गाउँपालिकाका लागि सहकारि अभियान अन्तर्गत सहकारिलाई सम्वृद्ध गाउँपालिका र समाजबाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न समाजबादको अभ्यास गर्ने

गाउँको रुपमा प्रत्येक वडालाई केन्द्रित गरि सबै गाउँबासिको सहकारि संस्थामा शेयर कायम गरि विषय क्षेत्रगत सहकारि संस्थको स्थापना गरि संचालन गरिने छ । संघिय सरकार एवम प्रदेश सरकारको गाउँ गाउँमा सहकारी घरघरमा रोजगारीको नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषीजन्य उद्योगको स्थापना गरि रोजगारी सिर्जना गरिने छ ।

३६. युवा युवती बेरोजगारिलाई सम्बोधन गर्न युवा लक्षित कार्यक्रम संचालित गरिने छ । दलित, महिला, द्वन्दपिडित, सहिद परिवार, घाइते, विपन्न तथा सिमान्तकृत समुदायको आत्मनिर्भताको लागि लक्षित वर्ग विशेष कार्यक्रम संचालन गरिने छ ।

३७. विद्यालयका भौतिक संरचना सुधार गरि न्युनतम भौतिक पूर्वाधारको व्यवस्थाको लागि एक अनुगमन टोली गठन गरि यथार्थ अवस्था संकलन गरिने छ । विद्यालयको भौतिक संरचना सुधारका लागि संघिय सरकार तथा प्रदेश सरकार संग समन्वय गरिने छ । विद्यार्थि अनुपातमा शिक्षक व्यवस्थापन एवम भौतिक संरचनाको निर्माण जस्ता कार्यलाई प्रभावकारि बनाइने छ । विषयगत विज्ञ एवम सकारात्मक सोच भएका व्यक्तिलाई शिक्षा क्षेत्रमा स्वागत गरिने छ ।

३८. विपन्न वर्गका जेहेन्दार बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । भर्ना अभियानलाई प्रभावकारी तुल्याई सामूदायिक विद्यालयहरुमा बालबालिका एवम् अभिभावकहरुलाई आकर्षित गर्न गुणस्तरिय पठनपाठनका अतिरिक्त यस आर्थिक वर्षमा विषेश आकर्षणका कार्यक्रमहरु संचालन गरिने छ । विद्यालय सुधारकोलागि व्यापक सूचना प्रविधिको प्रयोग गरिने छ । विद्यालयको प्रशासनिक सुधार तथा नियमनको लागि **ई-गभरनेन्सको** अवधारणा ल्याईने छ ।

३९. गाउँपालिका भित्रका वालविकास शिक्षकको लागी तालिमको ब्यस्था गरिने छ । वालबालिकालाइ विद्यालय पठाउ अभियान लाइ प्राथमिकिकरण गरिने छ । गाउँपालिका वाट विधिन्न विषयगत शिक्षकको लागी तालिमको ब्यवस्था गरिने छ ।

४०. विद्यालयमा प्रयोगात्मक शिक्षणलाइ जोड दिनकोलागी गाउँपालिकाबाट उचित स्रोत साधनको ब्यवस्था गरिने छ । गाउँपालिका भित्रका सबै मा वि विद्यालयमा प्रविधि मैत्रि शिक्षणको लागी ICT कक्षाको ब्यावस्थापन गरी स्मार्ट लर्निङको लागी आवस्यक स्रोत साधनको ब्यवस्था गरिने छ ।

४१. प्रत्येक विद्यालयमा विद्यालय घेरवारलाइ प्राथमिकता दिइने छ । विद्यालयलाई गाउँपालिका वाट नियमित अनुगमनको ब्यवस्था गरिने छ ।

४२. उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालय, उक्त विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक एवम विद्यार्थिलाई पुरस्कारको व्यवस्था गरिने छ । वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरि शैक्षिक गतिविधिहरु संचालन गर्ने निति लाई लागु गरिने छ ।

४३. यस गाउँपालिकामा रहेका विशेष क्षमता भएका बालबालिकाहरुका लागि विशेष शिक्षा संचालनको लागि निति बनाइने छ ।

४४. गाउँपालिका भित्र ससुल्क कम्प्युटर शिक्षण केन्द्रको ब्यवस्था गरिने छ । सबै मा वि विद्यालयमा प्राविधिक धारको कक्षा संचालनमा जोड दिइने छ । वालविकास तथा सबै तहको लागी मनोरञ्जन सहितको कक्षा संचालनमा जोड दिइने छ ।

४५. गाउँपालिका भित्रका सबै मा वि विद्यालयमा किशोर किशोरीको स्वास्थलाइ ध्यानमा राखी एक विद्यालय एक स्टाफ नर्सको ब्यवस्था गरिने छ । सम्पुर्ण विद्यालयमा वालवालिकालाइ नियमिति स्वास्थ्य जाचको ब्यवस्था गरिने छ ।

४६. व्यवसायिक एवम सिपमुलक तालिम केन्द्र निर्माण प्रदेश तथा संघिय सरकारको समेत सहकार्यमा अघि बढाइने छ । शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत व्यवसायिक एवम सिपमुलक तालिम इकाई गठन गरिने छ ।

४७. प्रदेश सरकार एवम संघिय सरकारको सहयोगमा विशेषज्ञ सेवा सहितको १५ सैया अस्पताल सञ्चालनको लागि पहल गरिने छ ।

४८. अति विपन्न समुदायका नागरिकहरुको स्वास्थ्य सेवा सुनिश्चितताको लागि स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

४९. यस आर्थिक वर्षमा गाउँपालिकाको आफ्नै एम्बुलेन्स बाट सहुलिएत दरमा सेवा प्रदान गरिने छ । गाउँपालिकाको समुदायिक औषधी पसललाई थप ब्यवस्थिति र प्रभाकारी बनाइने छ ।

५०. गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य चौकि, आधारभुत स्वास्थ्य चौकि तथा बर्थिङ सेन्टरको भौतिक पुर्वाधार विकासमा बिशेष जोड दिइने छ ।

५१. गाउँपलिकाका स्वयंसेविकाको लागी पारिश्रमिकको ब्यवस्था गरी आवश्यक तालिमको पनि ब्यवस्था गरिने छ ।

५२. गाउँपालिकाको विभिन्न स्थानामा खोप केन्द्रको निर्माण गरी व्यवस्थापन गरिनेछ । गाउँपालिकाको विभिन्न स्थानमा आवश्यक्ताको पहिचान गरी वर्थिङ सेन्टरको निर्माण गरिनेछ ।

५३. गाउँपालिका अन्तर्गत जिनावाङ स्वास्थ्य चौकीमा भिडियो एक्स-रे सेवा संचालनको लागि पहल गरिनेछ । गाउँपालिकाका सम्पुर्ण स्वास्थ्य संस्था नियमित अनुगमन गरी स्वास्थ्य चौकी र स्वास्थ्यकर्मीहरुलाई प्रोत्सहानको व्यवस्था गरिनेछ ।

५४. गाउँपालिका भित्रका दिर्घरोगीहरु पहिचान गरी आवश्यक राहत वितरणमा जोड दिइनेछ । गाउँपालिका भित्र मातृशिशु मृत्युदर घटाउन आवश्यक जनचेतनामुलक कार्यक्रम संचालन गरी गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरमा प्रयाप्त पुर्वाधारको व्यवस्था गरिनेछ ।

५५. गाउँपालिका भित्रका स्वास्थ्यकर्मीहरुको लागि जोखिम भत्ता तथा निःशुल्क विमाको व्यवस्था गरिनेछ । गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि आधारभूत स्वास्थ्य तालिमको व्यवस्था गरी पालिका भित्रका कर्मचारी तथा जनप्रतिनिधीहरुको लागि नियमित चेकजाँचको व्यवस्था गरिनेछ ।

५६. गाउपालिका भित्रका जेष्ठ नागरिक तथा अशक्त व्यवक्तीहरुको लागि घरदैलो कार्यक्रम गरी नियमित स्वास्थ्य चेकजाँचलाई नियमितता दिइनेछ । गाउँपालिका भित्र आवश्यक्तालाई पहिचान गरी निःशुल्क आँखा तथा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५७. कोभिड-१९ रोग विरुद्ध रोकथाम गर्न स्पेशल क्वारेन्टाइन, भरणपोषण र अनिवार्य आर.डि.टी र पी.सी.आर. चेकजाँचको व्यवस्था गरिनेछ ।

५८. प्रत्येक स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन व्यवस्थाको लागि पहल गरिनेछ ।

५९. दिगो विकासका १७ लक्ष्यहरु मध्येको सफापानी र पूर्ण सरसफाई सम्बन्धि लक्ष तोकिएको अवधि भित्र प्राप्त गर्न वातावरण मैत्री घरका दश वटा सुचकहरुको कार्यान्वयन गर्न, पूर्ण सरसफाई तथा पूर्ण सरसफाई उन्मुख वडा घोषणा, एक घर एक धारा सुधारिएको चुलो जस्ता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । पूर्ण सरसफाई उन्मुख वडा घोषणा भैसकेका वडा नं. २ र ३ लाई पूर्ण सरसफाई युक्त वडा तथा बाँकि वडाहरुलाई पूर्ण सरसफाई उन्मुख वडा घोषणाको लागि कार्यक्रम तय गरिने छ ।

६०. जलाधार संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइने छ । सबै वडाहरुमा सिजन अनुसार वृक्षारोपन गर्ने, सरसफाई अभियानलाई अनिवार्य रुपमा लागु गर्ने सरसफाई सम्बन्धि सुचकहरु निर्धारण गरि नमुना वडा निर्माणको अभियान थालनी गरिने छ ।

६१. विद्यालय, सार्वजनिक स्थल एवम सरकारी कार्यालयहरुमा अपांगमैत्री, बालमैत्री सार्वजनिक सौचालय निर्माणमा ध्यान दिइने छ ।

६२. गाउँपालिका भित्र मौलिक संस्कृतिको रुपमा रहेका बिभिन्न नाच, बाजागाजा, मठ मन्दिर, कला साहित्य जस्ता क्षेत्रको संरक्षन तथा विकास गरिने छ । गाउँपालिका भित्र मौलिक संस्कृति र कला साहित्यको विकास गर्न प्रचार प्रसार कार्यलाई तीव्रता दिइने छ ।

६३. गाउँपालिका भित्रका पर्यटकिय स्थललाई पहिचान गरी पर्यटकिय स्थानमा भौतिक पुर्वामधारको निर्माण गरिनेछ । गाउँपालिकामा होमस्टेको लागि पहल गरिनेछ ।

६४ .स्वास्थ्यका लागि खेलकुद राष्ट्रको लागि खेलकुलद भन्ने राष्ट्रिय नारालाई सार्थक तुल्याउने छ । गाउँपालिका स्तरिय अध्यक्ष कप कार्यक्रमलाई निरन्तरता दिइने छ । गाउँपालिकाको खेलकुद मैदानलाई सुविधा सम्पन्न खेलकुद मैदान निर्माणको लागि प्रदेश तथा केन्द्र सरकार समक्ष आवश्यक

पहल गरी गाउँपालिकाबाट थप व्यवस्थित गरिनेछ । लगानीमा यसै आर्थिक वर्षमा सम्पन्न गरिने छ । खेलकुद क्षेत्रको विकासको लागि व्यवस्थित निति बनाइने छ ।

६५. खेलकुद सम्बन्धी ऐन, बनाई गाउँपालिका तथा वडास्तरका विभिन्न खेलका खेलाडीहरुको वर्गिकरण गरी आवश्यक प्रशिक्षणको व्यवस्था गररिनेछ । प्रत्येक वडा तथा विद्यालयस्तरमा खेल प्रशिक्षकको व्यवस्था गरिनेछ ।

६६. गाउँपालिकामा खेलकुद प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ । एक वडा एक खेल मैदानको व्यवस्था गरी आवश्यक सामाग्रीको उपलब्धता गराउन पहल गरिनेछ । खेलाडिहरुलाई प्रोत्सहानको व्यवस्था गरिनेछ ।

६७. युवा शक्तिलाई उद्यमशिलता स्वरोजगार र आयआर्जनमा केन्द्रित गर्न तत्काल गत आर्थिक वर्ष जस्तै सिपमुलक एवम व्यवसायिक तालिम दिइने छ ।

६८. वैदेशिक रोजगारबाट फर्किआएका युवाहरुलाई व्यवसायिक निरन्तरताको लागि ऋणको व्यवस्था गर्न संघिय सरकार संग समन्वय गरिने छ ।

६९. लैगिंक समानता, महिला सशक्तिकरण, लैगिंक मुलप्रवाहिकरण र महिला सहभागिता बृद्धि गरिने छ । लघुउद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र , समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिने छ । जुनसुकै किसिमका महिला हिंसा विरुद्ध कठोर कदम चालिने छ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेको अशिक्षा, अभाव, अन्धविश्वास र पछ्यौटेपन हटाउन विशेष अभियानात्मक कार्यक्रम सञ्चालन गरिने छ । सामाजिक मुल्य, मान्यताको संरक्षण एवम सम्बर्धन गरिने छ । बालविवाह गर्ने तथा गराउने दुबैलाई कानुनको कठघरामा उभ्याइने छ । बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप, छुवाछुत एवम अन्य सामाजिक कुरिती अन्त्य गर्न विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

७०. लक्षित वर्ग क्षेत्र एवम समुदाय केन्द्रित व्यवसायिक एवम सिपमुलक तालिमहरु संचालन गरि त्यस्ता वर्गको शसक्तिकरण गर्ने निति अवलम्वन गरिने छ ।

७१.  राज्य व्यवस्था परिवर्तनको लागि भएका युद्ध र आन्दोलनका सहिद परिवार तथा घाइते योद्धाहरुको सम्मान, संरक्षण र आर्थिक मुलप्रवाहिकरण समाहित गरिने निती लागु गरिने छ ।

७२. टुहुरा, अनाथ एवम संरक्षण विहिन बालबालिकालाई वैकल्पीक संरक्षणका लागि उचित व्यवस्थापनमा पहल गरिने छ । अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिने छ । आपतकालिन बालसंरक्षण कोष स्थापना गरिने छ ।

७३. ज्येष्ठ नागरिकलाई सम्मान पुर्वक वातावरणमा जिउने अवस्था सुनश्चित गरिने छ । साथै जेष्ठ नागरिकलाई संरक्षण नगर्ने, दुरव्यावहार गर्ने व्यक्ति वा सन्तानलाई कानुन अनुसार दण्डित गर्ने नीतीको अवलम्बन गरिने छ ।

७४. अपांगता भएका व्यक्तिलाई सिपमुलक एवम व्यवसायिक तालिम प्रदान गरि रोजगारमा जोड दिइनेछ ।

७५.गाउँसडक गुरुयोजना निर्माण गरि लागु गरिने छ । गुरुयोजना भन्दा बाहिर र बातावरणीय प्रभाव मुल्याङ्कन नगराइ जथाभावि सडक बनाउने कार्यलाई पुर्णरुपमा बन्द गरिने छ । सञ्चालनरत सडकलाई दिगो रुपमा संचालन हुने किसिमले स्तरोन्नति गरि बाह्रै महिना सुचारु हुने व्यवस्था गरिने छ ।यसको लागि संघिय सरकार र प्रदेश सरकार संगको समन्वयमा अगाडि बढिने छ ।

७६. संघिय सरकार एवम प्रदेश सरकारसंगको साझेदारीमा सडक स्तरोन्नतिको लागि समपुरक बजेटको व्यवस्था गरिने छ ।

७७. आवश्यक्ताका आधारमा पक्की पुलको निर्माण गरिनेछ । पालिका भित्रका झोलुङ्गे पुलहरुलाई मर्मत गरिनेछ ।

७८. गाउँपालिका जोड्ने सडकलाई कालोपत्रे गर्न प्रदेश तथा संघिय सरकारलाई पहल गरिनेछ ।

७९. कृषिको प्रमुख आधार सिंचाई भएकोले सिंचाई आयोजन संचालनका लागि जनसंख्या र भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा सिचाँइकालागी आवश्यक पहल गरिने छ ।

८०. यस गाउँपालिका भित्र संचालनमा रहेका लघु जलविद्युतहरुको क्षमता वृद्धिको लागि संम्भाव्यता अध्ययन गरिने छ ।

८१. नविकरणीय उर्जा विशेष जोड दिइनेछ । सबै सरकारी तथा विद्यालयमा उर्जाको व्यवस्था गरिनेछ ।

८२. उर्जा विकासको लगि सम्भाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन, अन्वेशन, उत्खनन र अनुसन्धान तथा प्राविधिक परामर्शका लागि बजेट व्यवस्था गरेको छु ।

८३. यस गाउँपालिकाको सबै ठाउँमा केन्द्रिय विद्युत विस्तारको लागि प्रदेश सरकार र संघिय सरकार संगको समन्वयमा अगाडि बढिने छ ।

८४. वातावरणलाई दिगो विकासको आधारको रुपमा विकास गरिने छ । वन क्षेत्र विकास र विस्तारको लागि वैज्ञानिक वन व्यवस्था कार्यलाई अगाडि बढाइने छ । सामुदायिक वन विकास कार्यक्रम, नाङ्गा डाडाहरुमा वृक्षारोपन कार्यक्रम, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा संचालन गरिने छ ।

८५. यस गाउँपालिका भित्र मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा मुहान संरक्षणको अभियान संचालन गरिने छ । मुहानको वरिपरि रुखरोप्ने कार्यलाई कडाइका साथ लागु गरिने छ । महत्वपुर्ण खोला, पोखरी आदि क्षेत्रको पहिचान गरि संरक्षणमा विशेष जोड दिइने छ ।

८६. वातावरण संरक्षणमा जोड दिइ जलबायु परिवर्तनका असर र प्रभालाई न्युनिकरण गर्न जलबायु परिवर्तणका कारक तत्वहरुको पहिचान गरि ति तत्वहरुको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि संचालनमा ल्याइने छ । जलबायु परिवर्तन सम्बन्धमा जलबायु परिवर्तन अनुकुल इकाई गठन गरि प्रारम्भ गरिने छ ।

८७. सुचना तथा संचार क्षेत्रमा पछाडि परेको यस गाउँपाकिलाई सुचना तथा संचार प्रविधि संग आवद्ध गर्न विशेष पहल गरिने छ । गाउँपालिका आम नागरिकहरुलाई इन्टरनेट सेवाको पहुचमा ल्याउन पहल गरिनेछ ।

८८. गाउँपालिका क्षेत्र भित्र भइरहेका विभिन्न गतिविधिहरु आम जनतालाई जानकारी गराउन कुनै संचार माध्यम संग सम्झौता गरि गंगादेव गाउँपालिका गतिविधि कार्यक्रम संचालन गरिने छ ।

८९. गाउँपालिकाका आम जनतालाई सार्वजनिक सुचना प्रवाहको लागि गाउँपालिकामा सुचना प्रविधि केन्द्रको स्थापना गरिने छ । यस गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधी र आधारभुत तथा माध्यामिक विद्यालयका कम्प्युटर शिक्षकहरुका लागि सुचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिने छ ।

९०. गाउँपालिकाका सम्पुर्ण कार्यलाई सुचना तथा प्रविधिमय बनाउनको लागि कम्प्युटर सफ्टवेर प्रणाली मार्फत डिजिटाइज गरिने छ । साथै सुचना तथा सेवाहरुलाई डिजिटल नागरिक बडापत्र र डिजिटल नोटिस बोर्ड मार्फत आम जनतालाई सूसुचित गरिने छ । गाउँपालिकाको भौगोलिक तथा वस्तुगत र अन्य सम्पुर्ण विवरणको लागी गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिने छ ।

९१. गाउँपालिकाका सम्पुर्ण वडा र शाखाहरुको कामकारबाहिलाई एकिकृत गर्नलाई लोकल सर्भरको स्थापना गरिने छ ।

९२. गाउँपालिका तथा विषयगत शाखा कार्यालयहरुमा इन्टरनेट, डिजिटल हाजिरी, इन्टरकम टेलिफोनको व्यवस्था गरिने छ ।

९३. सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेख कम्प्युटरकृत गरिनेछ।साथै गाउँपालिका भित्रका सबै वडा कार्यलयहरुका पुराना घटना दर्ता लाइ एम आइ एस प्रणाली मार्फत डिजिटइज गरिने छ ।

९४. गाउँपालिका अन्तर्गतका विभिन्न शाखा तथा वडाहरुमा आवश्यक सफ्टवेयर तथा डिजिटल डिभाइसको व्यवस्था गरिनेछ ।

९५. फोहोरलाई मोहोरमा रुपान्तरण गर्न आवश्यक निति निर्माण गरिने छ । यस गाउँपालिकाको मूख्य बजारहरुमा ढल व्यवस्थापनको लागि थप पहल गरिने छ ।

९६. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिम युक्त स्थानहरुको पहिचान गरि तटबन्धका लागि तारजालिको व्यवस्था गरिने छ

९७. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पेशागत अनुसासन प्रति प्रतिवद्ध, पारदर्शि, भ्रष्टाचार मुक्त, प्रविधियुक्त, जनउत्तरदायि र सहभागितामुलक बनाउदै लगिने छ । भ्रष्टाचार गर्ने र गराउने दुबैलाई दण्डित गर्ने निति अवलम्बन गरिने छ । गाउँपालिका तथा प्रत्येक वडामा सुचना तथा तथ्याङ्क व्यवस्थापनका लागि सुचना तथा अभिलेख व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरिने छ ।

९८. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरि कार्यन्वयनमा ल्याइने छ । प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागु गरिने छ ।

९९. उत्कृष्ट काम गर्ने जनप्रतिधि र कर्मचारिलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

१००. गाउँपालिका क्षेत्रभित्रकान्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईनेछ।

१०१. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अतिआवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्था गरिनेछ।

१०२. विवाद समाधान भई परिवारमा पुनःर्स्थापना भएका व्यक्तिहरुको निरन्तर अनुगमन गरिनेछ र पारिवारीक मेलमिलाप र सामाजिक सू-सम्बन्धलाई बढावा गरिनेछ।

१०३. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमासरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने नीतिलाई नियमित गरिनेछ।

१०४. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाईनियमनगरिनेछ।तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ।उक्त कार्यमा अगुवाई गरीसहयोग पुर्याउने टोलविकास संस्था र वडाकार्यालयलाई नगद पुरस्कार दिने नीति लिईनेछ।

१०५. प्लाष्टिककोउत्पादन र प्रयोगलाई निरुत्साहित गरिनेछ।

१०६. उत्पादित शुद्ध दुध र स्वच्छ मासु उपभोक्तामाझ पुर्‍याउन आवश्यक पहल गरिनेछ।

१०७. गंगादेव गाउँपालिका वडा नं. ३ हिलेचौरमा स्थापना हुन गइरहेको कृषी अनुसन्धान केन्द्रको लागी भौतिक पुर्वाधार निर्माण गर्न प्रदेश र संघ सरकार संग आवश्यक पहल गरिनेछ ।

१०८. गंगादेव गाउँपालिका भरी केन्द्रीय बिधुत सेवा विस्तार गर्नको लागी यस गाउँपालिकाले आवश्यक पहल गर्ने छ ।

१०९. गंगादेव गाउँपलिका वडा नं ३ चिस्यान केन्द्रको लाई व्यापक गरी क्षेत्र क्षेत्र नं २ कै चिस्यान केन्द्रको रुपमा विकास गरि कृर्षकको उत्पादनलाई प्रोत्साहन गर्नको लागी आवश्यक पहल गरिनेछ ।

११०. प्रदेश नं. ५ को एक घर एक धाराको अवधारणालाई गाउँपालिकाबाट विशेष जोड दिइनेछ । प्रदशे नं. ५ को खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यक्रमलाई गाउँपालिका स्तरबाट निरन्तरता दिई गा.पा. तथा वडास्तरमा खानेपानी प्रोफाइल निर्माण गरी आवश्यक्ताका आधारमा आम नागरिकलाई खानेपानीको पहुचमा ल्याइनेछ ।

१११. गाउँपालिका भित्रका सम्पुर्ण खानेपानी योजनाहरुमा पानी परिक्षणको व्यवस्था गरिनेछ । संघ सरकारको NWASH कार्यक्रमलाई गा.पा. स्तरमा प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

११२. गाउँपालिकाका मुख्य वजारक्षेत्रलाई ध्यानमा राखी डम्पीङ साइटको व्यवस्था गरिनेछ ।

११३. गाउँपालिकाका कर्मचारीको दक्षता बढाउनको लागि आवश्यक्ताको आधारमा विभिन्न तालिक तथा सेमिनारको व्यवस्था गरिनेछ । कर्मचारीको कार्यविवरणको प्रोत्सहानको व्यवस्था गरिनेछ ।

११४. गंगादेव गाउँपालिका भित्रका सिकर्मी, डकर्मी, आरनको पहिचान गरी सी.टि.इ.भी.टी. बाट तालिम दिई प्रमाण पत्र समेत दिने व्यवस्था गरिनेछ ।

११५. जनयुद्धका घाइते तथा अपाङ्गहरुलाई आर्थिक सहयोग गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

गंगादेव गाउँपालिकाको यो नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ।यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने गंगादेव गाउँपालिकाका उपाध्यक्ष तथा कार्यपालिकासदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलक नेताहरु, विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु र संचारकर्मीहरुबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न पनि सबैको साथ सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दैमेरो सम्बोधन यही अन्त गर्दछु।

**धन्यवाद।**

मितिः २०७७ असार १० गते बुधबार।